USAID
FROM THE AMERICAN PEOPLE

ADWAN
Empowering Women & Educating Girls

# एड्वान बुलेटिन

बर्ष १ | अंक २ | डिसेम्बर-२०२३

## अध्यक्षको भनाइ

नेपाल दलित महिला उत्थान संघ (एड्वान) ले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) सँगको साझेदारीमा सञ्चालन गर्दै आएको USAID Local Works: Gorkha and Chitwan (युएसएआईडी स्थानीय कार्यः गोरखा र चितवन) परियोजना अन्तर्गत प्रकाशित हुँदै आएको अर्धवार्षिक प्रकाशन "एड्वान बुलेटिन" को यस दोस्रो अङ्क यहाँहरुमाझ प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

यस अङ्कको बुलेटिनले मुख्यतः माथि उल्लेखित परियोजनाको मुख्य गतिविधिहरु, कार्यशैली, प्रभावहरु, सफलताको कथालगायत विषयबस्तु समेटेको छ । हामीले अघिल्लो अङ्कमै पनि संस्थागत चिनारी र परियोजनाको उद्देश्य, गतिविधिहरु प्रकाश पारीसकेका छौं तथापि एड्वानले सञ्चालन गरेको र गरिरहेको परियोजनाहरुमध्ये जीविकोपार्जन र महिला सशक्तिकरणको क्षेत्रमा सञ्चालन हुँदै आएको सबैभन्दा ठूलो चालु परियोजना युएसएआईडीकै रहेको छ । यसबाहेक एड्वानले शिक्षा, महिला उद्यमशीलता, पैरवी आदि क्षेत्रमा साना तथा तुलनात्मक ठूला परियोजनाहरु समेत सञ्चालन गर्दै आएको छ ।

युएसएआईडीको साँझेदारीमा यस सञ्चालित परियोजनाले गोरखाको शहिद लखन र गण्डकी गाउँपालिका तथा चितवनको भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकाको कूल २८ वटा वडाहरुमा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । जसले गोरखाको ४८० र चितवनको ५२० गरी कूल १००० जना महिलाहरुलाई कृषि र गैर कृषि क्षेत्रमा प्राविधिक ज्ञान र सीपसहितको तालिम दिई उनीहरुको आर्यआर्जनमा टेवा दिँदै साना तथा मझौला उद्यमी (SME) बनाउनु हो साथै तिनै महिलाहरुलाई रुपान्तरणकारी सामाजिक परिचालन तालिमको माध्यमबाट नेतृत्व क्षमता विकास गराउनु हो । दुईवर्षे परियोजना हाल कार्यान्वयनकै अवस्थामा रहेको र सफलतापूर्वक सम्पन्न हुने अन्तिम चरणमा रहेको छ ।

यस बुलेटिन विकास साझेदार संघसंस्थाहरु, कृषि विश्वविद्यालय र यसका विद्यार्थीहरु, नीति निर्माताहरु, हाम्रा लाभान्वित वर्ग - सीमान्तकृत समुदाय, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, सबैका लागि सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न उपयोगी हुने अपेक्षा गरिएको छ । अन्त्यमा, यस बुलेटिन प्रकाशन गर्न प्रत्यक्ष परोक्ष रुपमा भूमिका निर्वाह गर्नुहुने सम्पादन मण्डलका सम्पूर्ण सदस्यहरु, लेआउटकर्ता, मुद्रण गर्ने छापाखाना, साँझेदार निकाय ग्क्ब्क्ष्म लगायत सम्पूर्णप्रति कृतज्ञता प्रकट गर्दछु । यहाँहरुको साथ, सहयोग र सद्भाव सदैव रहीरहने विश्वासका साथ यहाँहरु सबैलाई हार्दिक धन्यवाद ।

**| विन्दु थापा परियार**

## परियोजनागत प्रगति

दलित महिला उत्थान संघ नेपाल (एड्वान) ले सन् २०२२ देखि अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा "युएसएआईडी स्थानीय कार्यः गोरखा र चितवन" [USAID Local Works: Gorkha and Chitwan] २४ महिने परियोजना सञ्चालन गर्दै आएको छ । परियोजनाको उद्देश्य गोरखा र चितवन जिल्लाका १००० विपन्न तथा सीमान्तकृत महिला तथा किशोरीको आर्थिक सशक्तिकरण गरी उनीहरुको सामाजिक-राजनीतिक नेतृत्व विकास गर्ने रहेको छ । लक्षित १००० सीमान्तकृत तथा जोखिमपूर्ण महिला र किशोरीहरुको उत्थानशील जीवीकोपार्जन निर्माण गर्ने दिशातर्फ अगुवाइ गर्दै साना तथा लघु उद्यमी (एसएमइ) बनाउन उनीहरुकै अगुवाइमा आर्थिक अवसरको विस्तार, पहिचान र विविधिकरणमार्फत तिनका परिवारको आय दीगो रुपमा वृद्धि गर्ने उद्देश्यले सञ्चालित परियोजना अन्तर्गत १००० मध्ये कम्तिमा ४ सय २५ जना महिलाहरु साना तथा लघु उद्यमी बन्ने छन् । साथै कम्तिमा १३० जना जना महिला तथा किशोरीहरु सामाजिक तथा राजनीतिक नेतृत्व लिन सक्ने बन्ने छन् ।

१७ जुन २०२२ देखि १६ जुन २०२४ सम्मको (२४ महिने) परियोजना अन्तरगत चितवन (भरतपुर महानगरपालिका वडा नं. २३, २४, २५, २८ र २९), (रत्ननगर नगरपालिका वडा नं. ११, १२, १३, १४, १५ र १६) गोरखा (शहिद लखन गाउँपालिकाका १-९ सम्म सबै वडा) र गण्डकी गाउँपालिकाका १-८ सम्म सबै वडा) मा कार्यक्रम कार्यान्वयन गरिरहेको छ । लक्षित १००० सीमान्तकृत तथा जोखिमपूर्ण महिला र किशोरीको उत्थानशील जीवीकोपार्जनको खोजी गर्नका लागि दिशातर्फ साना लघु उद्यमी (एसएमइ) बनाउन उनीहरुकै अगुवाइमा आर्थिक अवसरको विस्तार, पहिचान र विविधिकरणमार्फत तीनका परिवारको आय दीगो रुपमा वृद्धि गर्ने र सोही १००० सीमान्तकृत तथा जोखिमयुक्त महिला र किशोरीको निर्णय निर्माण प्रक्रिया, स्रोत तथा सेवामा पहुँच बढाउन रुपान्तरणकारी सामाजिक परिचालन र (नेतृत्वपूर्ण) सक्रियता सम्बन्धि क्षमता विकास गतिविधि (हस्तक्षेप) मार्फत सामाजिक तथा राजनीतिक सशक्तिकरण गर्ने कार्य परियोजना मार्फत गरी रहेको छ । एडवानद्वारा गठित समूहलाई भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकामा रहेका समूहले रु १३ लाख ३१ हजार नगद र २४ हजार ७५० को सामान (स्प्रे ट्याङ्क, वाटर ट्याङ्क, सिड इरिगेसन पाइप र १० वटा लुगा सिलाउने यन्त्र) सहयोग गरेका छन भने व्यक्तिगत रुपमा ४ लाख। ३० हजार ५०० रुपैयाँ नगद र १ लाख ४५ हजारको सामान पाएका छन् ।

त्यसैगरी शहिद लखन र गण्डकी गाउँपालिकामा रहेका समूहले रु ७ लाख ७० हजार रुपैयाँ र २ लाख ८६ ७०० को सामान पाएका छन् । व्यक्तिगत रुपमा ४ लाख ६३ हजार रुपैयाँ नगद र १३ लाख १७ हजार ७५० रुपैयाँको सामान पाएका छन् । एड्वानले भरतपुरमा १३, रत्ननगरमा १२, शहिद लखनमा १२ र गण्डकीमा १२ गरी ४९ वटा महिला समूह गठन गरेर कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## । सफलताको कथा ।

## कृषि र पशुपालनबाट आम्दानी बढाउँदै 'महिला समूह'



गोरखा/चितवन । भरतपुर महानगरपालिका-२३ विक्रमटोलस्थित 'श्री महिला उत्थान कोशिश कृषक समूह' ले सयपत्री फूल खेतीबाट ३० हजार रुपैयाँ आम्दानी गरेको छ । त्यसैगरी शहिद लखन गाउँपालिका-२ बेतेनीस्थित 'लगनशील कोशिश महिला कृषि समूह' ले फूलखेतीबाटै अहिलेसम्म ४१ हजार रुपैयाँ बराबरको आम्दानी गरेको छ ।

"तिहारको बेलामा सबैको घर-घरमा फूल लगाउने भएका कारण सोचेजस्तो राम्रो व्यापार हुन सकेन, अब फेरी राम्रो व्यापार हुन्छ भन्ने आशा गरेका छौं",अध्यक्ष पृथीमाया गुरुङले भन्नुभयो । भरतपुर महानगरपालिका-२५ नमूनाटोलस्थित 'श्री नमूना कोशिश कृषक समूह' ले तील खेतीबाट ५५ हजारको आम्दानी गरेको छ ।

समूहका सदस्य लक्ष्मी विश्वकर्माका अनुसार (एड्वान) ले प्रदान गरेको विभिन्न तालिमपछि सुरुमा भिण्डी र करेला लगाउनुभयो । उहाँले भन्नुभयो, "करेला र भिण्डी सिजनमा लगाउन सकिएन, पानीको पनि अभाव भयो, तर घाटामा गएको छैन, त्यसपछि बोडी लगाइयो, बोडीबाट ३०,००० हजार रुपैयाँ आम्दानी भयो भने तील खेतीबाट पनि ५५ हजार नाफा भयो ।" १७



कठ्ठा जग्गामा मकै लगाएको समूहले खुर्सानी, टमाटरबाट पनि आम्दानी गर्दै आएको छ। अहिलेसम्म समूहमा करिब एक लाख रुपैयाँ जति जम्मा भएको छ।

भरतपुर महानगरपालिका-२८ अन्द्रौलिस्थित 'संगम कोशिश कृषक महिला समूह' ले करेला, चिप्ले भिण्डी, बोडी खेतीबाट खर्च कटाएर सिजनमा २५ हजारको आम्दानी गरेको छ। अहिले समूहले एक लाख दुई हजार सम्म गरेको छ। अहिले समूहले ४० दिने मुला, मुला र बोडी लगाएको छ। भरतपुर महानगरपालिका-२३ स्थित 'श्री महिला उत्थान कोशिश कृषक समूह' लाई एड्वानले तालिम दिएपछि सुरुमा च्याउ र मकै बेचेर ५० हजारको आम्दानी गरेको थियो।

रत्ननगर नगरपालिका-१६ दोबाटो टोल सुधारस्थित 'एकल महिला कोशिश समूह' लाई एड्वानले तालिम दिएपछि सुरुमा २० हजार रुपैयाँको बोडी, भिण्डी, मकै बेचेको छ। पछिल्लो समयमा धानको सिजनमा समूहले धानबाट ३५ हजारको आम्दानी गरेको समूहका कोषाध्यक्ष पम्फामाया मगरले जानकारी दिनुभयो। रत्ननगर नगरपालिकाका मेयर प्रलाद सापकोटाले स्थानीय तहको नजरबाट हेर्दा एड्वानले गठन गरेका समूहले कृषिबाट बढिभन्दा बढी आम्दानी गर्दै आएको टिप्पणी गर्नुभयो। "हामीले पनि आर्थिक रुपमा विपन्न दलित, महिला, पिछडिएको समुदायलाई नगरपालिकाले आर्थिक अनुदान लगायत विभिन्न कार्यक्रम गर्नुका साथै सहयोग गर्दै आएका छौं, आगामी दिनमा पनि समूहले लिखित रुपमा माग गरेको खण्डमा समन्वयका आधारमा सहयोग गर्न नगरपालिका तयार रहेको छ" उहाँले भन्नुभयो। स्थानीय तहको दायित्व भएका कारण पनि समूहमा आबद्ध महिलाहरुको आर्थिक विकासको निम्ति विभिन्न कार्यक्रम ल्याउनुपर्ने मेयर सापकोटाको भनाइ छ।

गण्डकी गाउँपालिका-२ ताङ्लीचोकस्थित 'लालीगुँरास कोशिश महिला कृषक समूह' का सदस्य सुमना श्रीमलले यो वर्ष मात्रै कुखुरा पालनबाट ७० हजारको आम्दानी गर्नुभयो। उहाँलाई एड्वानले नै कुखुरा पालनसम्बन्धी तालिम दिएको थियो। कुखुरा पालन सम्बन्धि ज्ञान, सीप र प्रविधि प्राप्त भए पछि पछिल्लो पटक एक लटमा उहाँले ७० वटा कुखुरा बेच्नुभयो। उहाँले भन्नुभयो, "मैले सुरुमा १/२ वटा कुखुराबाट व्यवसाय सुरु गरेको हो, अहिले एकै पटकमा ७०/८० वटा कुखुरा बेच्न सक्ने व्यवसायि बनेकी छु खुसी लाग्छ, राम्रोसँग गरियो भने कुखुरा पालनबाट पनि राम्रो आम्दानी गर्न सकिँदो रहेछ भन्ने लागेको छ।"

शहिद लखन गाउँपालिका-७ मास्कीछापस्थित 'बौद्धनाथ कोशिश महिला कृषक समूह' का सदस्य रीता थापा मगरले यो दशैंमा तीन वटा बङ्गुरबाट करिब एक लाखको आम्दानी गर्नु भएको छ। सदस्य थापा मगरले अहिले ११ बङ्गुर पाल्नु भएको छ। तीमध्ये तीन वटा माउ, एउटा भाले (पाठो) र अरू ससाना बच्चा छन्। उहाँले सुरुमा एडवानले आयोजना गरेको १५ दिने बङ्गुर पालनसम्बन्धी तालिम लिनुभयो। समूहका महिलाले पहिलो चरणमा १५ र दोस्रो पटकमा पाँच दिनको तालिम लिनुभएको थियो।

सदस्य मगरले एडवानले नै दिएको 'रूपान्तरणकारी सामाजिक परिचालन तालिम' (नेतृत्व विकास) लिएपछि बोल्नुपर्ने रहेछ, स्थानीय तहसँग आफ्नो अधिकार माग्नुपर्ने रहेछ भन्ने सिक्नुभयो। समूहमा छलफल भएपछि उहाँहरूले वडा कार्यालयमा गएर बङ्गुर पालनका लागि बजेट माग राख्नुभयो। सदस्य मगरले भन्नुभयो, "एडवानले तालिम दिएपछि हामीले वडामा गएर बजेट माग गर्दा समूहमा रहेका १८ मध्ये ११ सदस्यलाई दुई वटाका दरले बङ्गुरको पाठा दिइएको छ।" लगानी गरेपछि केही न केही फाइदा हुने, अलि धेरै माउ पालेर पाठापाठी बेच्न सकेमा अझै धेरै फाइदा हुने उहाँको भनाइ छ। माउले एक पटकमा कम्तीमा १३/१४ वटा बच्चा जन्माउँछ। एउटा बच्चाको रु ७ हजार पर्छ। एउटा माउले एक पटकमा बच्चा जन्माउँदा खर्च सबै कटाएर कम्तीमा रु. ३० हजार फाइदा हुन्छ। कार्यालयमा गएर माग्नु भएको हो कि वडाले आफैँ दिएको हो ? भन्ने प्रश्नमा उहाँले भन्नुभयो, "नमागिकन त्यसै दिन्छन् र ? समूहबाट बङ्गुर माग गरेपछि मात्रै दिइएको हो।" अबका दिनमा वडासँग बोयर जातका बोका, बङ्गुरको खोर विस्तार र व्यावसायिक बङ्गुर पालनका लागि अझ धेरै बङ्गुर नै माग्ने समूहको योजना छ।

गण्डकी गाउँपालिका-७ घ्याल्चोक बाल्टारस्थित 'बाल्टार कोशिश कृषक महिला समूह' ले एक सिजनामा करेला र भिण्डी बिक्रिबाट ७० हजार रुपैयाँ आम्दानी गरेको छ। गण्डकी गाउँपालिका-७ घ्याल्चोकस्थित 'बाल्टार कोशिश महिला कृषक समूह' का उपाध्यक्ष सुनिता मगरले व्यक्तिगत रुपमा भिण्डी लगाएर ९३ हजार जतिको आम्दानी गर्नु भएको छ।

**। सफलताको कथा ।**

# स्थानीय तहसँग जोडिँदै महिला समूह

चितवन /गोरखा । भरतपुर महानगरपालिका-२८ अन्द्रौलीस्थित 'स-ंगम कोशिश कृषक महिला समूह' का महिलाहरु (एड्वान) ले नेतृत्व विकास तालिम दिएपछि वडा कार्यालयमा बजेटका लागि प्रस्ताव पेस गर्न सक्ने भएका छन्। " अहिले छलफल गरेर वडामा बजेटका लागि प्रस्ताव पेस गरेका छौं," समूहका अध्यक्ष विष्णु माया सापकोटाले भन्नुभयो। एड्वानको तालिमले नै वडा कार्यालयसम्म पुऱ्याएको सापकोटाको अनुभव छ। भरतपुर-२३ स्थित 'श्री महिला उत्थान कोशिश कृषक समूह' ले ६ महिनाअघि महानगरपालिका र वडा कार्यालयमा च्याउ खेतीका लागि आर्थिक अनुदानको माग गर्दै ४ लाख ५० हजार र वडामा दुई लाख ५० हजारको प्रस्ताव पेस गरेको थियो । सो प्रस्तावका आधारमा महानगरपालिकाले च्याउ खेतीका लागि रु. २ लाख ५० हजार रुपैयाँ व्यवस्था गरेको छ। वडा कार्यालयले भने समूहलाई तोकेर नै च्याउकै लागि रु ५० हजार छुट्याएको समहूका अध्यक्ष तारा क्षेत्रीले जानकारी दिनुभयो। रत्ननगर नगरपालिका-१५ स्थित 'चेतनशील महिला कोशिश कृषि समूह' ले कृषि व्यवसाय गर्नका लागि १० कट्ठा जग्गाको व्यवस्था गर्नुपर्ने माग गर्दै वडा कार्यालयमा प्रस्ताव पेस गरेको छ।

शहिद लखन-७ स्थित 'तालुपाते कोशिश कृषक महिला समूह' ले पनि ब्याड बोकाका लागि गाउँपालिकामा प्रस्ताव पेस गरेको छ। गाउँपालिकाले समूहका तीन सदस्यलाई बाखा खरिद गर्नका लागि जनही रु. १५ हजार उपलब्ध गराएको छ। आगामी दिनमा समूहबाट माग लिएर गाउँपालिकामा जाने योजना रहेको समूहका अध्यक्ष सन्सरा श्रीमलले जानकारी दिनुभयो। शहिद लखन गाउँपालिकाले अदुवा लगाउनका लागि बिउ तथा बाखा र बङ्गुर पालनका लागि पनि समूहका तर्फबाट माग आइरहेको र त्यसको सम्बोधनका लागि नै गाउँपालिकाले लक्षित वर्ग आयआर्जन कार्यक्रम भनेर ३० दिने सूचना निकालिसकेको जनाएको छ। कृषि र पशुपालनका लागि 'महिला लक्षित कार्यक्रम' लाई महिला समूहसँग जोडेर लैजाने उद्देश्यले



गाउँपालिकाका नौ वटा वडामा गठन गरिएको १२ समूह नै गाउँपालिकामा दर्ता भएकोले विधिवत रुपमा प्रस्ताव पेश गर्नुभएमा उक्त समूहहरुनै छनौट प्रकृयामा पर्ने छन्, उपाध्यक्ष तिवारीको भनाइ छ।

गण्डकी गाउँपालिका-८ तोरीसरास्थित 'मखमली महिला कोशिश कृषक समूह' का सदस्यले अहिले बङ्गुरपालन गरेका छन्। समूहका अध्यक्ष नानीमाया सार्कीले अहिले दुई बङ्गुर पाल्नुभएको छ। उहाँले एउटा बङ्गुर आफ्नै पैसाले किन्नुभयो भने एउटा तालिमका क्रममा एडवानले यातायात खर्च दिएको पैसाबाट किन्नुभएको हो। समूहले सहयोगका लागि वडा कार्यालयसँग आग्रह पनि गरिरहेको छ। अध्यक्ष सार्कीले भन्नुभयो, "उही कार्यालयमै गएर त मागेका छैनौं तर समूहका तर्फबाट बङ्गुरपालनका लागि फोनबाट दानाका लागि सहयोग गर्नुपऱ्यो भनेर माग राखेका थियौं, वडाध्यक्षले पनि गर्छु भन्नुभएको छ।"

# एड्वानको तालिमपछि नेतृत्व तहमा पुग्दै महिलाहरु



गोरखा/चितवन । भरतपुर महानगरपालिका-२५ नमूनाटोलस्थित 'श्री नमूना कोशिश कृषक समूह' का अध्यक्ष माया विकले नेतृत्व विकाससम्बन्धी रुपान्तरणकारी सामाजिक परिचालन तालिम लिएपछि 'मिलन महिला बचत सहकारी' मा सदस्य हुनुभएको छ । "एड्वानले तालिम दिएपछि अन्यायको विरुद्धमा बोल्नुपर्ने रहेछ, अगाडी बढ्नुपर्ने रहेछ, नेतृत्वमा आउनुपर्ने रहेछ भन्ने लाग्यो, त्यसपछि अहिले सहकारीमा सदस्य मात्रै छु, आगामी दिनमा कोषाध्यक्ष, सचिव र अध्यक्ष हुने योजनामा छु, दीदी बहिनीले पनि साथ दिन्छौं भनिरहेका छन् ।" एड्वानको २५औं रजत जयन्तीमा काठमाडौं गएर आएपछि उहाँको विचार फराकिलो भएको छ । जुनसुकै संस्थामा पनि नेतृत्व गर्न अग्रसर हुनुपर्ने रहेछ भन्ने लागेको छ । महिलाले पनि धेरै काम गर्न सकिँदो रहेछ भन्ने लागेको छ । उहाँले भन्नुभयो,"जहिलेपनि दुलाहाले पैसा देला र चुरा, पोते किनौंला भन्ने सोचबाट माथि उठ्नुपर्दो रहेछ भन्ने लागेको छ, एड्वानले समूह गठन गरिदिएपछि समूहले ऋण दिएर ८/१० जना बालबालिकाले पढिरहेका छन् ।"

एड्वानको तालिमपछि उहाँ साना किसान सहकारीमा पनि सदस्य हुनुहुन्छ माया विक । भरतपुर नगरपालिका २५ कै 'नमूना कोशिश कृषक समूह' का सदस्य देवी भुषाल 'नमूना टोल विकास संस्था' मा पहिला सचिव मात्रै रहनु भएको थियो । तर एड्वानले तालिम दिएपछि उहाँलाई अगाडी बढ्नुपर्ने रहेछ, संस्थाको नेतृत्व गर्नुपर्ने रहेछ भन्ने लागेर अहिले उपाध्यक्षको जिम्मेवारीमा रहनुभएको छ । अब छिट्टै संस्थाको अध्यक्ष हुने उहाँको लक्ष्य रहेको छ । उहाँ वडा महिला समन्वय समितिको सदस्य पनि हुनुहुन्छ । उहाँ मिलन महिला बचत ऋण तथा सहकारी संस्थाको ऋण समितिको संयोजक पनि हुनुहुन्छ । यी दुवै संस्थाको नेतृत्वमा पुग्ने उहाँको चाहना छ ।

"एड्वानले दिएको तालिम राम्रो रहेछ, महिलाहरु चुलो चौँकोमा सिमित हुनुहुन्थियो, बाहिर निस्केर आफ्ना हकहितका कुरा, समाज परिवर्तनका कुरालाई लिएर हामी महिला पनि अगाडी बढ्न सक्छौं है, हामीले नि केही गर्न सक्छौं, भन्ने नेतृत्व विकास भएको छ हामीहरुमा", उहाँले भन्नुभयो । पहिला अरुबाट सिक्नु पर्दथियो भने एड्वानले तालिम दिएपछि अरुलाई सिकाउन सक्ने हुनुभएको छ देवी भुषाल ।

रत्ननगर नगरपालिका-१५ स्थित 'महिला जनशक्ति कोशिश कृषक समूह' का सचिव चन्द्रिकादेवि केसीलाई पनि नेतृत्व विकाससम्बन्धी तालिम दिएपछि अहिले 'बुढिकुला सुकुम्वासी टोल विकास संस्था'को कोषाध्यक्ष हुनुभएको छ । "क्षमता अभिवृद्वि तालिम लिएपछि मलाई संस्थाको कोषाध्यक्ष हुनका लागि सहयोग गर्‍यो, एड्वान नेपालले बाटो देखाउनुभयो, तालिम लिएपछि नेतृत्वको विकास गर्नुपर्छ भन्ने लाग्यो, महिलाहरु अगाडी बढ्नुपर्ने रहेछ भन्ने लागेको छ ।" आगामी दिनमा छिट्टै संस्थाको अध्यक्ष हुने उहाँको योजना छ । "नेतृत्व विकासको तालिमले महिला समूहभन्दा अन्य समूहको पनि नेतृत्व गर्नुपर्ने रहेछ भन्ने लाग्यो, अनि संस्थाको कोषाध्यक्ष भएको हो, अगाडी बढ्नका लागि हामी आफैँपनि खोजी गरेर जानुपर्दो रहेछ भन्ने लागेको छ" उहाँले भन्नुभयो । नेतृत्व विकासको तालिम लिएपछि सुकुम्वासी जग्गाको लाल पुर्जा प्राप्तिको लागि पनि पहल गर्दै आएको उहाँको भनाइ छ । रत्ननगर नगरपालिका वडा नं. १५ का वडा अध्यक्ष आशिक तामाङले एड्वानले गठन गरेको शीतलशील र चेतनशील दुई वटै समूहलाई वडाले सक्दो सहयोग गरेको जानकारी दिनुभयो । अहिले चेतनशील महिला समूहलाई जग्गा भाडा तिर्ने, बीउ उपलब्ध गराउने, मल उपलब्ध गराउने सबै सहयोग वडाले गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्नका लागि तयार रहेको उहाँको भनाई छ । उहाँले एड्वानको तालिमपछि स्थानीय महिलाहरुमा नेतृत्व गर्ने क्षमतामा विकास भएको पनि बताउनुभयो । पछिल्लो समयमा चेतनशील महिला समूहलाई त्रीपाल र पानी ट्याङ्की उपलब्ध गराएको उहाँको भनाइ छ ।

शीतलशील महिला समूहले जग्गा माग गरेपछि वडा कार्यालयले अहिले डेढ विघा जग्गाको भाडा तिरिदिएको छ । चेतनशीलले पनि करिब आठ कठ्ठाको भाडा तिरिदिन अनुरोध गर्नु भएकोले त्यसबारे प्रक्रिया अगाडी बढाइएको वडा अध्यक्ष तामाङले जानकारी दिनुभयो । "समूहबाट उहाँहरु कृषिका लागि विभिन्न आवश्यक सामग्रीको माग गर्न आउनुभएको छ, र हामीले पनि सकेसम्म सक्दो सहयोग गर्दै आएका छौँ" उहाँले भन्नुभयो । रत्ननगर मगरपालिका-१५ स्थित 'चेतनशील महिला कोशिश कृषि समूह' ले कृषि खेती गर्नका लागि १० कठ्ठा जति भाडामा जग्गाको व्यवस्था गर्नुपर्ने गर्दै वडा कार्यालयमा निवेदन पेश गरेको छ । वडा कार्यालय र समूहबीच आपसी सहमति भएर आगामी पुसभित्रमा जग्गा उपलब्ध गराउने समूहका अध्यक्ष गीता कुमारी वाइबाले जानकारी दिनुभयो । खेतीका लागि बीउ, मल, लगायत आवश्यक सामग्रीको मागसहित वडामा प्रस्ताव पेश गर्ने समूहको योजना छ । रत्ननगर नगरपालिका-१६ दोबाटो टोल सुधारस्थित 'एकल महिला कोसिस समूह' ले माग गरेपछि वडा कार्यालयले समूहका सदस्यलाई 'सिलाई बुनाई' सम्बन्धी तालिम लिएको थियो ।

शहिद लखन गाउँपालिमा-६ घैरुङ पिपलछापस्थित 'दलित महिला कृषक समूह' का सदस्य सरिता रोका 'दलित टोल विकास महिला समूह' को पनि सचिव हुनुहुन्छ । एड्वानले तालिम दिएपछि टोल विकास समितिको नेतृत्व तहमा पुग्ने इच्छा जागेको छ । "एड्वानले तालिम दिएपछि बोल्ने विकासको बानी भयो, अनि टोल विकास समूहमा पनि बस्नु पर्छ भन्ने लाग्यो, तालिमपछि क्षमताको विकास भयो, अनि समूहमा सल्लाह गरी समितिमा बस्ने निर्णय गरिएको हो ।" सदस्य सरिताले भन्नुभयो । शहिद लखन-९ गम्थलेस्थित 'तालुपाते कोशिश कृषि महिला समूह' का अध्यक्ष सन्सरा श्रीमललाई एड्वान नेपालले नेतृत्व विकासको तालिम दिएपछि बालेश्वरी कृषि आमा समूहको कोषाध्यक्ष हुनुहुन्छ । आमा समूहको नेतृत्व तहमा पुग्ने सन्सरा श्रीमलको योजना रहेको छ । त्यसैगरी एड्वानको तालिम पाएपछि नै सन्सराले वालेश्वरी गम्थली महिला समूह गठन गरी अध्यक्ष बस्नु भएको छ । एड्वानले बाखाको खोर बनाउनका लागि सहयोग गरिदिए हुन्थीयो भन्ने उहाँलाई लागेको छ । उहाँको जम्मा १२ वटा बाखा छन् । गण्डकी गाउँपालिका-८ तोरीसरास्थित 'मखमलि महिला कोशिश कृषक समूह'का अध्यक्ष नानीमाया सार्कीले एड्वानको तालिम लिएपछि आफूमा बोल्ने बानीको विकास भएको अनुभव सुनाउनुभयो ।

# सेनिटरी प्याड बनाउने तालिम आयोजित



गोरखा । एड्वानले गोरखाको शहिद लखन गाउँपालिकामा विपन्न तथा सीमान्तकृत महिलालाई व्यावसायी बनाउँदै आयआर्जन बढाउन सहयोग गर्ने उद्देश्यले सत दिने स्यानिटरी प्याड बनाउने तालिम सञ्चालन गरेको छ । गाउँपालिकाको वडा नम्बर ५ ताक्लुङस्थित सामुदायिक भवनमा व्यावसायिक रूपमा सेनिटरी प्याड उत्पादन गर्ने कार्य सुरु भएको छ । परियोजना स्थानिय सरकार र सहभागतीहरुको त्रीपक्षिय कार्यगत साझेदारीमा भएको तालिममा 'नवपालुवा महिला कृषक समूह' का २१ महिलाको सहभागिता रहेको थियो । शहिद लखन गाउँपालिकालाई सेनिटरी प्याड उत्पादनमा आत्मनिर्भर बनाउने योजनाअनुसार तालिम गरिएको हो । सहभागीले तालिम सम्पन्न गरेपछि गाउँपालिका, एड्वान र प्रशिक्षार्थीको सहकार्यमा पालिकाभित्रै सेनिटरी प्याड उत्पादन गरी आयआर्जनको अवसर प्राप्त गर्ने एड्वानको लक्ष्य रहेको छ ।

विद्यालय किशोरी कार्यक्रमअन्तर्गत गाउँपालिकाले सेनिटरी प्याड बाहिरबाट खरिद गरेर ल्याउनका लागि हरेक वर्ष वार्षिक लाखौं रकम विनियोजन गर्दै आएकोमा अबदेखि गाउँमै उत्पादन गरिने प्याड प्रयोगगरी महिलालाई रोजगारीसँगै आत्मनिर्भर बनाउने पालिकाले जनाएको छ । मेसिन खरिदका लागि गाउँपालिका र एड्वानले ५/५ पाँच लाख रुपैयाँ लगानी गरेका छन् भने तालिममा सहभागी २१ जना महिलाले १५/१५ हजारका दरले तीन लाख १५ हजार रुपैयाँ लगानी गरेका छन् । गाउँपालिकामा उत्पादन हुने सेनिटरी प्याड बजारमा अहिले पाइने सबै प्याडसँग प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय प्याड हुनेछ । प्याड उत्पादनपछि प्याकेजिङ र किटाणुरहित बनाउनका लागि आवश्यक थप दुईवटा मेसिन खरिद गरिएको छ ।

## गाउँपालिकामा दर्ता भएका समूहलाई हामी सहयोग गर्छौं।



**दीपक तिमिल्सिना 'साकार'**
अध्यक्ष, गण्डकी गाउँपालिका, गोरखा

मैले एड्वानलाई खासगरी दलित, महिला लगायत उत्पीडनमा परेको समुदायको अधिकारको मिम्ति बनेको संस्थाको रुपमा बुझ्छु । एड्वानले ल्याएको योजना र गाउँपालिकाको योजनालाई एकीकृत रुपमा हामी अगाडी बढाउन चाहान्छौं । शिक्षा र स्वास्थ्यसँग सम्वन्धित विषय पनि एड्वानसँग सहकार्य गरेर जाने भन्ने विषयमा तलफल भइरहेको छ । समूहहरु गाउँपालिकामै दर्ता भएका कारण पनि यी समूहको विकासको निम्ति गाउँपालिकाले यसैपनि पहल गर्नुपर्ने हुन्छ । समूहलाई सहयोग गर्नुपर्छ भन्ने बारेमा औपचारिक र अनौपचारिक रुपमा पनि छलफल हुँदै आएको छ ।

समूहका सदस्यले सामूहिक रुपमा गाउँपालिकासँग विभिन्न मागहरु राखेपनि औपचारिक रुपमा भने अहिलेसम्म कुनै पनि ठूलो माग राख्न आउनुभएको छैन । यदि एड्वानद्वारा गठित समूहले विधिवत रुपमा सामूहिक या व्यक्तिगत माग राख्न आएको खण्डमा हामीले सहयोग गर्ने योजनामा छौं । बजार व्यवस्थापनको लागि यस ठाउँको उत्पादनलाई बजारसम्म लैजानको निम्ति सहजीकरण गर्न गाउँपालिका र भिसिटिभी मिलेर एउटा ट्रकको व्यवस्थापन गरेको छौं । गण्डकी गापा वडा नं.७ र ८ को उत्पादनलाई काठमाडौंको कालीमाटीसम्म पुऱ्याउनको लागी ट्रकको व्यवस्था गरिएको हो । अहिले घ्याल्चोक भन्ने ठाउँबाट दिनको दुई ट्रक उत्पादित तरकारी लगायतका विभिन्न वस्तु काठमाडौंसम्म पुऱ्याउने काम भएको छ ।

## नेतृत्व विकास तालिमले महिलाहरु आफ्ना कुरा राख्न सक्ने भएका छन्।



**इन्दिरा तिवारी**
उपाध्यक्ष, शहिद लखन गाउँपालिकाका, गोरखा

एड्वानद्वारा गठन गरिएका महिला समूहले अहिलेसम्म एकीकृत रुपमा ठूलो योजना माग भएको छैन । तर सक्रियताको हिसावले नौ वटा वटाका १२ वटै समूहले छिट्टै नै लिखित रुपमानै प्रस्ताव पेश गर्नु हुने छ भन्ने विश्वासमा छु र मैले समय सापेक्ष भन्ने पनि गरेको छु । उहाँहरुले प्रस्ताव ल्याउनुभयो भने गाउँपालिकाले सम्बोधन गर्नुपर्ने हुन्छ । एड्वानद्वारा गठन गरिएका महिला समूहहरु गाउँपालिकाामा दर्ता भएका कारण गाउँपालिकामा आउने अवसरहरु प्राथमिकताका साथ ती समूहलाई उपलब्ध गराउने प्रतिवद्धता पनि व्यक्त गर्नु भएको छ ।

समूहको मागको आधारमा वडा अध्यक्षहरुले पनि आवश्यक मात्रामा बजेट छुट्याउने काम गर्नु भएको छ । जस्तोः ५ नं. वडाका वडा अध्यक्षले सेनिटरी प्याड उत्पादन गर्ने मेसिन खरिदको लागि ५,००,००० (पाँच लाख रुपैयाँ) बजेट छुट्याउनु भएको छ । समूहद्वारा उत्पादित वस्तु, बाखा वा बङ्गुरको बिक्री वितरणका लागि वडा नं. ३ स्थित रामशाहघाटमा हाटबजारको व्यवस्था गरिएको छ । अझै बढि उत्पादनको आधारमा बजारको व्यवस्था गर्ने पनि उद्देश्य रहेको छ । त्यसैगरी ७ नं. का वडा अध्यक्षले बङ्गुर पालनका लागि दुई लाख रुपैयाँको बजेटको व्यवस्था गरिसक्नुभएको छ । ९ नं. र ८ नं. वडाका वडा अध्यक्षहरुले पनि समूहको मागको आधारमा थोरै धेरै बजेटको व्यवस्था गर्नुभएको छ ।

एड्वानले दिएको नेतृत्व विकास तालिमका कारण पनि स्थानीय महिलाहरु गाउँपालिकासम्म आएर आफैंले माग गर्न सक्ने भएका छन् । यो आफैंमा सकारात्मक पक्ष हो । सबै जना बोल्न सक्ने र आफ्ना कुराहरु सम्वन्धित निकायमा लगेर राख्न सक्ने हुनुभएको छ । २ नं. वडाले फूलखेतीका लागि आवश्यक पानीको ड्रम, पाइप, लगायत आवश्यक सामग्री उपलब्ध गराएको छ । वडा नं. ४ मा गठन गरिएको समूहको लागि अदुवा बेसारको लागि वडा कार्यालयले ५०,००० रुपैयाँ सहयोग गरेको छ । त्यसैगरी ६ नं. वडाले समूहका सदस्यमध्ये एक जनालाई मात्रै एक लाख रुपैयाँ प्रदान गरिएको छ । ८ नं. वडाले अकबरे खुर्सानीको लागि ५०,००० रुपैयाँ छुट्याउनुभएको छ ।

## सडक खुद्रा व्यबसायी क्षमता अभिबृद्धि तालिम सञ्चालन

चितवन । दलित महिला उत्थान संघ (एड्वान) ले भरतपुर महानगरपालिका वडा नं.२ क्षेत्रपुरस्थित 'सशक्तिकरण कोशिस महिला कृषि समूह' मा आबद्ध १६ जना स्थानीय महिलाहरुलाई 'सडक खुद्रा व्यबसायी क्षमता अभिवृद्धि तालिम' सञ्चालन गरेको छ । सडक देखि सटरसम्मको जीविकोपार्जनका लागि सीपमूलक तालिमको साथै नेतृत्व, व्यक्तित्व क्षमता, अवसर र अधिकार आदिको बारेमा ज्ञान र व्यवहारिक सीप अभिवृद्धि गर्ने उद्देश्यले पाँच दिनसम्म तालिम सञ्चालन गरिएको हो ।

तालिम अवधिभर आत्मा बिश्लेषणका अवधारणा, व्यापारिक रणनीतिका ५ चरण, सफल उद्यमी, सफल उद्यमीको बिशेसताहरु, व्यबसाय भनेको के हो ? व्यबसाय मार्फत कसरी कमाउन सकिन्छ ?, व्यबसाय दर्ता प्रकिया, सडकदेखि सटरसम्मको यात्रा, आय आर्जन र स्वरोजगार, व्यबसाय गर्दा जोखिम न्यूनिकरणका बिशेषताहरु, नाफा नोक्सान, योजनाबद्द क्रियाकलाप, सीपको आबश्यकता, बिक्री रणनीति, व्यबसायका लिन हुने जोखिम र लिन नहुने जोखिमहरु, बजार भनेको के हो ? र बजारिकरणका अन्य उपायबारे जानकारी गराइएको थियो । तालिमको उद्घाटन गर्दै एडवानका उपाध्यक्ष तिर्था बिकले समूहका सबैलाई जीबिकोआर्जनमा महिलाहरुको भूमिका उल्लेखिनय हुने भएकोले समूहको दिगोपनमा सामुहिक ऐक्यबद्दता, सहकार्य र मित्रता कायम गर्दै पछाडी परेका महिलाको उन्नतिका लागि एडवान साथमा रहने प्रतिबद्दता व्यक्त गर्नुभयो । तलिमको समापन गर्दै भरतपुर महानगरपालिका, महिला तथा सामाजिक विकास शाखा प्रमुख शान्ता पौडेलले महानगरको पनि सडक खुद्रा ब्यपारीलाई एकिकृत पारेर निश्चित ठाउँमा व्यापार गर्ने व्यववस्थ गर्न सकेको खण्डमा सडकको सुन्दरता, सडकको छेउछाउमा हुने दुर्घटना न्यूनिकरण हुने विश्वास व्यक्त गर्नुभयो ।

तालिममा सहभागी कबिता उप्रेती, दधि कुमारी सुबेदी र रमिला बिकले व्यबसाय गर्दा मध्ययम जोखिम खालको लिनुपर्ने बारेमा जोड दिनुभयो ।




**सल्लाहकार :** डा. विष्णुमाया परियार, विन्दु थापा परियार, राजकुमार त्रिखत्री

**संकलन/सम्पादक :** सुशील दर्नाल

**सम्पादन सल्लाहकार :** कमल बाबु परियार, धनबहादुर मिजार

**मुद्रक :** नेपाल दलित महिला उत्थान संघ

**सहयोग :** अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी)



**Association for Dalit Women's Advancement of Nepal (ADWAN)**

Baluwatar, Kathmandu, Nepal | Phone: 977-1-4517165 / 4527695

Email: info@adwan.org.np, adwannepal@gmail.com | Web: www.adwan.org.np